नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
अनुसन्धान केन्द्र
Research Centre
Beljhundi , Dang
बेलझुण्डी दाङ

## नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रद्वारा सञ्चालित उपाधिमूलक विद्यावारिधि कार्यक्रमको प्रवेश परीक्षासम्बन्धी सूचना

(प्रकाशन मिति : २०८३/०५/२४)

यस विश्वविद्यालयको शैक्षिक वर्ष २०८३।०८४ को स्वीकृत अनुसन्धान कार्यक्रमअन्तर्गत २०८३।०३।१६ गते ३५ दिनको समय दिएर पाठ्यक्रममा आधारित विद्यावारिधि शोध कार्यक्रमका लागि आवेदन आह्वान गरिएकोमा उक्त सूचनामा उल्लेख गरिएका आवश्यक कागजातसहित रीतपूर्वक आवेदन दिएका तपसिलबमोजिमका शोधार्थीहरूको प्रवेश परीक्षा यसअघि २०८३।०५।१९गते तोकिएको भए पनि विशेष कारणवश उक्त परीक्षा स्थगित गरिएकोमा यही २०८३/०६/०४ गते आइतवारका दिन दिउँसो १.०० बजेदेखि दाङ स्थित केन्द्रीय आयुर्वेद विद्यापीठमा सञ्चालन हुने बेहोरा सम्बद्ध सबैको जानकारीका लागि अनुरोध छ । यससम्बन्धी विस्तृत जानकारीका लागि विश्वविद्यालयको वेबसाइट www.nsu.edu.np हेर्नुहुन र कार्यालयको फोन नं. ०८२-४०००९१ र मोबाइल ९८५७८२४४०२,९८४७८५५७११ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

### प्रवेशपरीक्षाका लागि प्रारम्भिक मापदण्ड पूरा गरेका शोधेच्छुहरूको नामावली

क.सं. नाम
१. ऋषिकेश ढकाल
२. रमेश अधिकारी
३. सीताकुमारी सापकोटा
४. केशव सुवेदी
५. सीता अधिकारी
६. नारायण जोशी
७. सुदीप गड्तौला
८. लक्ष्मीराज भट्ट
९. ज्ञानबहादुर भुजेल
१०. यशोदा पाण्डेय
११. रिमबहादुर खड्का
१२. नरेश शर्मा रेग्मी
१३. गणेश पार्धे
१४. हरि भण्डारी

कार्यकारी निर्देशक

१५. महेशराज शर्मा पौडेल
१६. भोलानाथ आचार्य
१७. चन्द्रबहादुर के.सी.
१८. अर्जुनबाबु दाहाल
१९. अच्युतप्रसाद लम्साल
२०. धीरेन्द्रकुमार झा
२१. इन्द्रप्रसाद तिमल्सेना
२२. रुद्रनाथ दाहाल
२३. हरिप्रपन्न कँडेल
२४. छवि ढुङ्गाना
२५. मेघराज उपाध्याय
२६. भद्रराज त्रिपाठी
२७. युवराज पौडेल

कार्यकारी निर्देशक

## प्रवेशपरीक्षासम्बन्धी थप जानकारी

• प्रवेश परीक्षाको पूर्णाङ्क ५० र समय दुई घण्टा हुनेछ ।

• निर्धारित मितिमा दिउँसो १.०० बजेदेखि ३.०० बजेसम्म परीक्षा सञ्चालन गरिनेछ ।

• प्रवेश परीक्षामा जम्मा ५० पूर्णाङ्कका प्रश्नहरू सोधिने छन् र प्रश्नहरूको ढाँचा दुई खण्डमा विभक्त हुनेछ । पहिलो खण्डमा २५ पूर्णाङ्कभित्र शोधविधि र प्राज्ञिक लेखनसँग सम्बद्ध सबै विषय/विधाका लागि उपयुक्त हुने खालका प्रश्नहरू सोधिने छन् । दोस्रो खण्डमा २५ पूर्णाङ्कभित्र शोधार्थीको आफ्नो विषय/विधाका बारेमा रहेको ज्ञानको परीक्षण गर्न विषयगत प्रश्नहरू सोधिने छन् ।

• प्रवेश परीक्षामा अङ्ग्रेजी भाषाका शोधार्थीले अङ्ग्रेजी भाषाकै प्रयोग गर्नुपर्नेछ । त्यस्तै संस्कृतका शास्त्रीय विषयका शोधार्थीले संस्कृत भाषामै उत्तर लेख्नुपर्नेछ भने अङ्ग्रेजीबाहेक अन्य आधुनिक विषयका शोधार्थीले नेपाली वा अङ्ग्रेजीमध्ये कुनै एक भाषालाई माध्यम बनाउन सक्नेछन्। तर कतै नेपाली र कतै अङ्ग्रेजी भाषा प्रयोग गर्न पाइने छैन ।

• प्रवेशपरीक्षाको प्रवेशपत्र दाङस्थित केन्द्रीय कार्यालयमा भाद्र १७ देखि १९ सम्ममा आवेदक स्वयं उपस्थित भई बुझेर लैजानु पर्नेछ ।

• प्रवेश परीक्षा उत्तीर्ण गरेका साथै शोधलेख र शोधअवधारणापत्रको मूल्याङ्कनबाट समेत छानिएका आवेदकलाई मात्र अन्तर्वार्तामा सामेल गराइने छ ।

• प्रवेश परीक्षा र अन्तर्वार्ता दुवैमा उत्तीर्ण भएका आवेदकमध्ये योग्यताक्रममा परेका आवेदकलाई मात्र भर्ना हुनका लागि अनुमति दिइने छ । भर्नाका लागि अनुमति पाएका आवेदकलाई विद्यावारिधिको प्रक्रियालगायतका संस्थागत विषयमा जानकारी दिनका लागि एक दिवसीय अभिमुखीकरण गोष्ठी सञ्चालन गरिने छ । उक्त गोष्ठीको अन्त्यमा तोकिएको कक्षासहभागिता शुल्क लिई अस्थायी पञ्जीकरण गरिने छ । यसपछिका अन्य प्रक्रिया उक्त अभिमुखीकरण गोष्ठीका बेला जानकारी गराइने छ ।

• प्रवेश परीक्षामा सोधिन सक्ने प्रश्नहरूको नमुना यसै सूचनाका साथ विश्वविद्यालयको वेबसाइटमा राखिएको छ ।

• प्रवेश परीक्षा सञ्चालनसम्बन्धी मापदण्ड परिशिष्ट १ मा दिइएको छ ।

कार्यकारी निर्देशक

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
अनुसन्धान केन्द्र
Research Centre
, बेलझुण्डी दाङ
Beljhundi , Dang

**परिशिष्ट १ : विद्यावारिधि प्रवेश परीक्षा सञ्चालन मापदण्ड-२०८३**

**विद्यावारिधि २०८३ समूहको प्रवेश परीक्षा निम्न मापदण्डमा आधारित रहेर सञ्चालन गरिनेछः**

१. परीक्षालाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र दृढ छ ।

२. परीक्षार्थीले परीक्षाकक्षमा पस्दा आफ्नो साथमा प्रवेशपत्र लिएर आउनु पर्नेछ ।

३. शोधार्थीहरू परीक्षा सुरु हुनुभन्दा कम्तीमा २० मिनेट अगावै परीक्षाकेन्द्रमा आउनु पर्नेछ, ।

४. शोधार्थीहरूले उत्तरपुस्तिकाको कुनै पनि भागमा आफ्नो नाम उल्लेख गर्न हुने छैन, प्रवेश पत्रमा दिइएको सिट नम्बरलाई अङ्क र अक्षरमा बुझिने गरी लेख्नु पर्नेछ ।

५. उत्तरपुस्तिकाको दुवैतिर स्वच्छ र स्पष्ट तरिकाले उत्तर लेख्नु पर्नेछ साथै उत्तरपुस्तिकाको कुनै पनि पानालाई च्यात्न पाइनेछैन ।

६. एउटा प्रश्नको सबै उत्तर एकै ठाउँमा लेख्नु पर्नेछ ।

७. उत्तरपुस्तिकामा प्रश्नको उत्तरबाहेक अरू कुनै पनि कुरा लेख्न पाइने छैन ।

८. द्वितीय उत्तरपुस्तिकालाई प्रथम उत्तरपुस्तिकासँगसँगै स्टिच गरेर एकसाथ बुझाउनु पर्नेछ ।

९. शोधार्थीले उत्तरपुस्तिकामा कालो मसी भएको कलम/डट्पेन मात्र प्रयोग गर्नु पर्नेछ ।

१०. तोकिएको मिति र समयमा अनुपस्थित हुने परीक्षार्थीको पुनः परीक्षा लिन अनुसन्धान केन्द्र बाध्य हुने छैन ।

११. परीक्षा भवनमा झोला, मोबाइल फोन तथा अन्य इलेक्ट्रोनिक्स डिभाइसहरू लैजान निषेध गरिएको छ ।

१२. परीक्षामा खटिएका केन्द्राध्यक्ष, सुपरिवेक्षक र निरीक्षकले दिएको निर्देशनको पूर्ण पालना गर्नु शोधार्थीको कर्तव्य हुनेछ ।

१३. परीक्षार्थीहरू परीक्षाको समयमा समूहमा भेला हुने र कुराकानी गर्ने गर्नु हुँदैन ।

१४. परीक्षासम्बन्धी सम्पूर्ण विषयमा अनुसन्धान परिषद्को निर्णय अन्तिम हुनेछ ।

(प्रा.डा. सुधनकुमार पौडेल)
कार्यकारी निर्देशक
कार्यकारी निर्देशक

**नोटः उपर्युक्त सूचनाभित्र समाविष्ट कुनै शोधार्थी भोटेकोशी बाढीबाट प्रभावित भएका कारणनिर्धारित मितिमा उपस्थित हुन नसक्ने विशेष परिस्थिति भए सो कुरा आफ्नो निर्धारित मितिभन्दा तीन दिन अगाडि अनुसन्धान केन्द्रमा लिखित जानकारी गराएको खण्डमा निजका लागि पछि उपयुक्त समयमा अलग्गै व्यवस्था गरिने छ ।**